# डिभिजन वन कार्यालय, भोजपुरको

**सहकारी/समूह मार्फत जडीबुटीका उत्पादन खेती विस्तार भण्डारण प्रशोधन र बजारीकरण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी १५ दिने सार्वजानिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७९/१/१६)

यस कार्यालयको चालु आ.व. २०७८/७९ को वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय (संघीय सशर्त अनुदान) तर्फको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न डिभिजन वन कार्यालय, भोजपुरको कार्यक्षेत्र भित्र निम्न क्रियाकलाप संचालन गर्नुपर्ने भएकोले कार्यक्रम सञ्चालन गर्न ईच्छुक समूह/ सहकारी,हरुबाट उल्लेखित क्रियाकलाप तपसिलमा उल्लेख भए बमोजिमको लगानी गर्ने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा कार्यालय समयभित्र प्रस्तावकको नाम र ठेगाना, संस्था दर्ता प्रमाणपत्र, संस्थाको मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाणपत्र, आ.व.०७७ /७८ सम्मको करचुक्ता सम्बन्धी कागजात र सहकारीको हकमा स्वीकृत विधान समेत संलग्न राखी व्यवसायिक योजना सहितको शिलवन्दी गरिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

| सि.न. | क्रियाकलापको नाम | इकाई | परिमाण | साझेदारीको लगानी | विनियोजित रकम रु लाखमा | कार्यक्रमको लागि छनौट गरिएका क्षेत्रहरु |
|---|---|---|---|---|---|---|
| १ | सहकारी/समूह मार्फत जडीबुटीका उत्पादन, खेती विस्तार, भण्डारण प्रशोधन र बजारीकरण | प्याकेज | १ | २० प्रतिशत भन्दा बढी | ८.५ | जिल्लाभरी |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु**

क) शिलवन्दी प्रस्तावको बाहिरी खाममा नै क्रियाकलापको नाम उल्लेख गर्नुपर्नेछ ।

ख) शिलवन्दी प्रस्ताव डिभिजन वन कार्यालय, भोजपुरमा तोकिएको म्यादभित्र दाखिला गर्नुपर्नेछ । दाखिला गर्दा निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

- निवेदन पत्र
- प्रस्ताव/योजना पेश गर्ने संस्थाको नाम र ठेगाना, सम्पर्क व्यक्ति र ठेगाना मोवाइल नम्बर समेत
- संस्था दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता स्थायी लेखा नं.प्रमाणपत्र तथा संस्थाको स्वीकृत विधान
- सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
- प्रस्ताव/योजना पेश गर्ने संस्थाको उद्यम स्थापना तथा संचालन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत
- प्रस्ताव स्थापना तथा संचालन गर्न आवाश्यक भौतिक संरचना, मेशिनरी औजार, कच्चा पदार्थको उपलव्धता सम्वन्धि विवरणहरु
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको हकमा उत्पादन र भण्डारण क्षमता
- प्रस्ताव/योजनाको स्थापना तथा संचालनका लागि आवश्यक जग्गा तथा भौतिक संरचनाको नक्सा तथा मेशिन उपकरणहरुको स्पेशिफिकेसन
- लागत ईष्टीमेट तथा डिजाईन
- प्रस्तावित उद्योग/खेतिको विस्तृत विवरण
- प्रस्तावको स्थापना तथा संचालन विधि
- प्रस्ताव/योजनाको स्थापना तथा संचालन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण
- स्थापना तथा संचालन सम्वन्धि संस्थागत व्यवस्था
- प्रस्ताव/योजना स्थापना तथा संचालनवाट लाभान्वित उपभोक्ताहरु र यसवाट सिर्जना हुने रोजगारी
- प्रस्ताव/योजना स्थापना तथा संचालन हुंदा नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तहलाई प्राप्त हुने रोयल्टी
- लगानीका सम्भाव्य स्रोत सम्वन्धी विवरण
- वीमा सम्बन्धी व्यवस्था
- प्रस्तावित योजनामा उपयोग हुने कच्चा पदार्थ (जडिवुटी तथा गैरकाष्ठ प्रजाती) को परिमाण तथा प्राप्त हुने संभावित क्षेत्र/जिल्लाहरु

घ) नयाँ तथा नवीनतम प्रविधिको प्रयोग गरी स्थापना हुने प्रस्ताव / योजनालाई विशेष प्राथमिकता दिईनेछ ।

ङ) प्रस्तावकको लगानी र स्थानीय रोजगारी सिर्जना बढी गर्ने प्रस्ताव / योजनालाई विशेष प्राथमिकता दिईनेछ ।

च) अन्य कुराको हकमा प्रचलित कानून (ऐन,नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

डिभिजन वन कार्यालय, भोजपुर

फोन नं.०२९-४२०१३४/ ९८५२०५२७३४

९८४३१७६९९४

साथै प्रस्तावमा पेश गर्नुपर्ने निवेदन/ व्यवसायिक योजना/ प्रस्तावनाको विवरण यसै कार्यालयको वेभपेज (dfobhojpur.gov.np) डिभिजन वन कार्यालय तथा सम्वन्धित स्थानीय तहबाट प्राप्त गर्न सकिनेछ ।

CS Scanned with CamScanner

वन समूह/सहकारी मार्फत जडिबुटी ,उत्पादन,खेती विस्तार ,भण्डारण प्रशोधन र बजारीकरण

# डिभिजन वन कार्यालय, भोजपुर

आ.व.०७८।७९

## प्रस्ताव (Proposal) को ढाँचा

उदिन प्रसाद राई
डिभिजनल वन अधिकृत

- प्रस्ताव पेश गर्ने वन समूह/सहकारीको नाम र ठेगाना:
- उद्धेश्य:
- व्यवस्थापन तथा संचालक समिति पदाधिकारीहरुको विवरण:
- प्रस्तावित क्रियाकलापको विवरण र शिर्षक अनुसारको लागत (जडिबुटी उत्पादन, खेती विस्तार, भण्डारण र प्रशोधन तर्फ)
- प्रस्ताव संचालन हुने जग्गा , भवन र क्षेत्रफल (किता न. समेत)
- उपयोग हुने शिप, मेशीनरी तथा औजारहरु र लागत
- उत्पादित वस्तु , परिमाण
- खेती विस्तार, जडीवुटी भण्डारण तथा प्रशोधन विधि र प्रकृया
- जनशक्तिको आवश्यकता र उपलब्धता
- लाभगत विश्लेषण
- वजार विश्लेष्ण तथा बजारीकरणको संरचना , विधि र क्षेत्र
- उत्पादन कार्ययोजना र तालिका
- खेती, प्रविधि तथा विक्री प्रक्षेपण
- वन संरक्षण, विकास र व्यवस्थापनमा योगदान
- उद्योगको दिगोपन
- कामदार तथा उद्योगको सुरक्षा व्यवस्था तथा संकट व्यवस्थापन
- उद्यम स्थापना र  संचालन व्यवस्था
- प्रस्तावकको लगानी प्रतिशत
- संस्थागत सम्वन्ध तथा क्षमता विकास
- कच्चा पदार्थको उपलब्धता
- लागत अनुमान
- कार्यक्रम संचालन गर्ने आर्थिक ,प्राविधिक प्रस्ताव
- लागत ईष्टिमेट तथा डिजाईन
- कार्यक्रम  संचालनबाट लाभान्वित समुदाय र यसबाट सिर्जना हुने रोजगारी
- सरकारलाई प्राप्त हुने् राजश्व र लाभ
- लगानीमा सम्भाव्य स्रोत सम्बन्धि विवरण
- वीमा सम्बन्धि व्यवस्था
- प्रस्तावकले अवलम्वन गर्ने आर्थिक कार्यविधि सम्बन्धि व्यवस्था

CS Scanned with CamScanner

नेपाल सरकार
प्रदेश नं. १, नेपाल
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
भोजपुर

उद्धिम प्रसाद राई
डिभिजनल वन अधिकृत

**सहकारी/समूह मार्फत जडीबुटीका उत्पादन खेती विस्तार भण्डारण प्रशोधन र बजारीकरण कार्यक्रम संचालनको लागि दिईने आवेदन– पत्रको फारम**

श्रीमान् डिभिजनल वन अधिकृत ज्यू,
डिभिजन वन कार्यालय, भोजपुर ।

विषयः जडीवुटी विकास कार्यक्रम संचालनको लागि छनौट हुन पाउँ भन्ने बारे ।

महोदय,

त्यस कार्यालयको मिति २०७९।१।१६ को प्रकाशित सूचना अनुसार सहकारी/समूह मार्फत जडीबुटीका उत्पादन खेती विस्तार भण्डारण प्रशोधन र बजारीकरण कार्यक्रम वन समूह /सहकारी तर्फबाट कार्यक्रम कायान्र्वयन कार्यविधि, २०७८ बमोजिम कार्यान्वयनको लागि योजनाको लागि प्रस्ताव लगायत तपसिलका कागजातहरु यसै निवेदन साथ पेश गरेका छौं । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानून बमोजिम कारवाहीको भागीदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु /गर्दछौं।

तपसिल

क) कार्यक्रम कार्यान्वयन प्रस्ताव,

ख) सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि, स्थायी लेखा नम्बर

ग) सम्वन्धित स्थानीय तह/वडाको सिफारिस पत्र

घ) कार्यक्रम कार्यान्वयन गर्ने निर्णय /प्रतिवद्धताको निर्णयको प्रतिलिपि

ङ) कार्यक्रम कार्यान्वयन हुने जग्गाको ज.ध.प्र.पु., हालसालै तिरो तिरेको रसीद, नक्शा (समूहको हकमा सामुदायिक वनको क्षेत्र खुल्ने निर्णय प्रतिलिपि)

निवेदन दिने तर्फवाट :

नामः

दस्तखतः

पदः

ठेगानाः

सम्पर्क मोवाइल नम्वरः

मितिः

छापः

Scanned with CamScanner